# धुलिखेल नगरपालिकावाट जनहितका लागि नगरवासीमा जारी गरिएको सूचना

- आफ्नो घर, पसल, विद्यालय, कार्यालय, अस्पताल, होटल, रेष्टुरेन्ट, उद्योग, कल कारखाना र विविध भोज भतेरबाट दैनिक निस्कने फोहरमैलालाई सडक, पेटी, चोक, गल्ली, सार्वजनिक स्थल, खोलानाला आदिमा जथाभावी नफाली फोहर संकलन गर्न आउने सवारी साधनमा सिधै हाली वा कुचिकारको जिम्मा लगाई मात्र पठाऔं ।
- फोहरमैलालाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्न फोहरमध्ये कुहिने, नकुहिने, सिसा, प्लाष्टिक तथा अन्य फोहरहरुलाई जथाभावी नराखी छुट्टाछुट्टै बोरा, कागजको बाकस वा अन्य तवरले फोहरमैला संकलन गर्न आउने व्यक्तिलाई बुझाउँ साथै कुहिने फोहरमैलाहरुलाई आफ्नै तरीकाले कम्पोष्ट मल बनाऊ ।
- भोजभतेरबाट निस्कने फोहर तथा पशुपंछी बध गर्दा निस्कने फोहर, लादी, प्वाख, हड्डी तथा माछाको कत्ला जथाभावी नफाली बायोग्यास निर्माण गरी इन्धनको रुपमा प्रयोग गर्न व्यवस्था मिलाऔं ।
- जथाभावी भित्तेलेखन र पोष्टर, पम्प्लेट टास्नु गैरकानुनी कार्य हो । यस्ता कार्यले शहरको सुन्दरतालाई कुरुप पार्दछ । तसर्थ यस्ता कार्यहरु नगर्नु, नगराउनुका साथै नगपालिकाको अनुमति सम्झौता विना ब्यानर, होर्डिङ बोर्ड राख्ने वा टाँस्ने नगरौं । तोकिएको समय पश्चात त्यस्ता वस्तुहरु आफैले हटाऔं ।
- नगरको कुनै पनि ठाउँमा मृत जिवजन्तु देख्नु भएमा अन्तिम निष्काशनको लागि नगरपालिकाको वडा कार्यालय र नगर प्रहरी व्यवस्थापन उपशाखामा फोन वा अन्य तवरले सम्पर्क गरी जानकारी गराऔं ।
- जथाभावी सार्वजनिक स्थलमा दिशापिसाव नगरौं । सार्वजनिक शौचालयको प्रयोग गरी सभ्य नागरिकको परिचय दिऔं । धुलिखेल नगरपालिका क्षेत्रलाई खुल्ला दिशामुक्त क्षेत्र बनाउने अभियानमा सहयोग गरौं ।
- यात्राको क्रममा आफूसँग रहेका कागज, प्लाष्टिक वा कुनै पनि खेर गएका फलफूलका बोक्रा, बदामका खोस्टा, मकैको खोया, केराको बोक्रा आदि वस्तुहरु जथाभावी नफ्याकी सवारी साधन भित्र व्यवस्थित तवरले निश्चित ठाउँमा मात्र फ्याक्ने बानी बसालौं साथै सवारी धनी महानुभावहरुले सवारी साधनबाट निस्केको फोहरमैलालाई पनि सोही बमोजिमको व्यवस्था मिलाउन हुन जानकारी गराईन्छ ।
- कृपया फोहरमैला उठाउने सवारी साधन नआउने दिनमा घरभित्र थुपारेको फोहरमैला बाटोमा ननिकाली दिनु भै घरभित्र व्यवस्थित रुपमा थुपारी सो को भोलिपल्ट फोहरमैला संकलन गर्न आउने सवारी साधनमा हाली वा व्यक्तिलाई बुझाऔं ।
- प्राकृतिक वातावरण संरक्षणको लागि हरियाली उद्यान, पार्क, सार्वजनिक सडकको दायाँ बायाँमा रहेको बोट विरुवा, रुख, फूलहरुको संरक्षण गर्नु प्रत्येक नागरिकहरुको दायित्व रहेको हुँदा फूल टिप्ने र बोट विरुवा भाच्ने, उखेल्ने कार्य नगर्नु, नगराउनु हुन र छाडा चौपाया (गाई, भैंसी, भेडा, बाखा, खसी, बोका आदि) बाट समेत जोगाउनु भई हरियाली संरक्षण गरी स्वस्थ वातावरणको सिर्जना गरौं ।
- भवन निर्माण तथा मर्मत पश्चात निस्कने फोहरमैला जथाभावी सडक बाटोमा नथुपारौं वा नफालौं । आफ्नै तवरले व्यवस्थापन गरौं ।
- चौपाया जिवजन्तु र हाँस, कुखुरा सार्वजनिक स्थान, सडक वा बाटोमा छाडा नछोडौं ।
- शौचालयको दिशा पिशाव खुल्ला रुपमा छोड्दा सार्वजनिक सडकमा हिडडुल गर्ने मानिसहरुको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएको हुँदा सो दिशा पिशाव त्यसरी खुल्ला रुपमा जथाभावी नछोड्नु होला । शौचालयको सेफ्टी ट्यांकी तथा ढल मंगाल सफा गर्नका लागि नगरपालिकामा सम्पर्क गर्नु होला ।
- सार्वजनिक स्थानहरु सडक, पेटी, चोक तथा गल्लीहरुमा निर्माण सामाग्रीहरु (इटा, बालुवा, रोडा, ढुंगा आदि) जथाभावी थुपारी आवागमनमा बाधा पार्ने कार्य नगर्नु होला । निर्माण सामाग्री राखेको स्थानबाट यथाशिघ्र हटाउने व्यवस्था मिलाउनु होला ।
- भौतिक संरचनाहरु जस्तै निर्माण गरीएका सडक, ढल तथा बाटो आफुखशी खन्ने कार्य गरेको देखिन आएकोले न.पा.को स्वीकृती बेगर सो कार्य नगर्नु नगराउनु हुन सरोकारवाललाहरुमा जानकारी गराईएकोछ ।
- सडक, पेटी, चोक तथा सार्वजनिक स्थानहरुमा सवारी साधनका वर्कसपहरुवाट सवारी साधन मर्मत कार्य गरेको देखिन आएकोले सो स्थानमा रही कुनै पनि सवारी साधन मर्मत कार्य नगर्नु नगराउनु हुन सम्वन्धित सरोकारवालाहरुमा जानकारी गराईन्छ ।
- फुटपाथ पसल,ठेलगाडा पसल वा पसल राख्नु हुने पसल धनीहरुलाई सार्वजनिक आवागमनमा अवरोध हुने गरी पसलको कुनै पनि सामान तथा होर्डिङ्ग बोर्ड सडकमा ननिकाल्नु होला ।
- मासु बिक्रेताहरुले मासु पसल व्यवस्थित निर्माण गरी स्वस्थ पशुपंछिहरु बध पश्चात सो मासुलाई जथाभावी खुल्ला रुपमा बेच बिखन नगरी डिप-फ्रिज तथा जाली ढकनीले छोपेर मात्र स्वस्थ मासु बेच विखन गर्नु होला ।
- सडक, बाटो, घरको पेटी तथा सार्वजनिक स्थानमा कुनैपनि पशुपन्छी मार हान्न र बद्य नगर्न र नगराउनु होला ।
- सार्वजनिक स्थान, सडक, चोक, गल्ली वस्तीहरुमा जथाभावी फोहरमैला नफालौं नराखौं न.पा.ले तोकि दिएको स्थानमा मात्र राख्ने गरौं ।
- ढल मंगालहरुमा फोहरमैला राख्नाले ढल मंगाल जाम भै सडक बाटोमा जथाभावी दुषित फोहर पानी बग्ने भएको हुँदा आफ्नो घर आँगन नजिकै रहेको ढल मंगाल आफैले सफा गर्ने बानी बसालौं ।
- धुलिखेल नगरपालिका क्षेत्रभित्रको वडा नं. ५, ६, र ७ मा ईटा, ढुंगा बिच्छाइएको सडक, पुरातात्विक मठ मन्दिर तथा पुराना घरहरु भएका कारण सम्पदाहरु चर्कने तथा भत्किने सम्भावना भएको हुँदा भारी सवारी साधन प्रवेश निषेध गरिएकोले सम्बन्धित सवारी चालक तथा सरोकारवालाहरुलाई नगर्न नगराउन जानकारी गराइन्छ । साथै नगरपालिकावाट फोहर व्यवस्थापन तथा नगर सरसफाईको लागी प्रयोग गरिएका सवारी साधन, दमकल ढल सफा गर्ने सवारी साधन प्रवेशको लागी खुल्ला रहनेछ ।

Scanned by CamScanner

- तरकारी एवं फलफुल बजारवाट सिर्जना हुने फोहरमैला उचित व्यवस्थापन गर्न कपडा (इको) झोला विक्रि वितरण गर्न हुन सम्वन्धित तरकारी एवं फलफुल व्यावसायीलाई जानकारीको लागी अनुरोध गर्दछौ ।
- मासिक रुपमा सरसफाई शुल्क वुझाउनु भई असल नागरीकको परिचय दिई फोहरमैला व्यवस्थापन कार्यमा सहयोग गरौ ।
- धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरु हाम्रो सम्पत्ती हुन यिनको संरक्षण गरौ र पुरातात्विक सम्पदाहरुजस्तै मठ-मन्दिर, पाटी, पौवा, ढुङ्गेधारा, पोखरी वरीपरी फोहर नथुपारौ ।
- नगरपालिकाको फोहरमैला उठाउने सवारी साधन आफ्नो घर, आँगन, टोल बस्तीमा आई साइरन बजाएको थाहा पाउने बित्तिकै आफूले घर भित्र थुपारी राखेको फोहरमैला व्यवस्थीत तरिकाले पोका पारी प्याकिङ गरी सवारी साधनमा सिधै हाल्ने बानी बसालौ ।
- नयाँ घर निर्माण गर्दा फोहरमैला संकलन स्थानको समेत व्यवस्था गरी आफ्नो घर वरीपरी सफा सुग्घर राख्ने गरौं ।
- प्लाष्टिक झोलाको सट्टा वातावरणमैत्री झोला (जुट,कपडा वा कागजको झोला प्रयोग गर्ने बानी बसालौं ।
- बजारमा किनमेल गर्न जादाँ घरवाट नै वातावरणमैत्री झोला लिएर जाने बानी बसालौं ।
- सवारी साधन पार्किङ्ग गर्दा नगरपालिकावाट तोकेको स्थान र क्षेत्रमा मात्र पार्किङ्ग गर्नुहोला ।
- अरनिको लोकमार्ग,सिन्धुली बर्दिबास लोकमार्ग र सहायक मार्गमा आवत जावत गर्ने यात्रु एवं सवारी साधनहरुले सडकको दायाँबायाँ दिसा पिसाब गर्ने फोहरमैलाहरु जस्तै बोतल,प्लाष्टिकजन्य पदार्थ जथाभावी सडक वा सार्वजनिक स्थानमा फाल्ने कार्य नगर्नु नगराउनु हुन सम्बन्धित सवारीधनी यात्रु महानुभावहरुमा जानकारीको लागि सूचित गरिन्छ ।
- खानेपानीलाई सधैं सफा भाँडोमा छोपेर राख्ने गरौं ।
- घर आँगन सफा राखी झिगां भन्कन नदिऔं ।
- शिशुलाई ६ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- सूर्तिजन्य पदार्थ पदार्थ तथा मदिरा सेवन नगरौं ।
- वालवालिकालाई निर्धारीत समयमा सवै खोपहरु लगाऔं ।
- अभिभावकले किशोर किशोरी तथा युवा उमेरका छोराछोरीसगं खुलेर कुरा गर्ने र कुलतमा फस्नवाट जोगाऔं ।
- गर्भवती महिला, सुत्केरीर नवजात शिशुलाई विशेष स्याहार सम्वन्धी सेवा र सल्लाह स्वास्थ्य संस्थावाट लिने गरौं ।
- बालश्रमको उन्मुलन सबैको सरोकार हो त्यसैले हामी जिम्मेवार छौं, तपाई जिम्मेवार हुनुहुन्छ, म जिम्मेवार छु तसर्थ,हामीसंगै प्रतिबद्दता जनाउँ।
- बालश्रम शोषण आफुपनि नगरौ, अरुलाई पनि नगर्न सचेत गराऔं ।
- आफुसगं सम्बन्धित घटना <u>www.docr.gov.np</u> मा गई <u>अनलाईन घटना दर्ता निवेदन</u> मा क्लिक गरी आफैं घटना दर्ता गरौं र ३० दिनभित्र आफ्नो स्थानीय तहमा गई प्रमाणित गराऔं ।
- सबैको व्यक्तीगत घटना दर्ता गरौं गराऔं । व्यक्तीगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं ।
- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा गई दर्ता गरौं ।
- सही व्यक्तिलाई सही समयमा सहि रकम प्रदान,सामाजिक सुरक्षाको हाम्रो अभियान ।
- ६० वर्ष उमेर पुरा गरेका जेष्ठ नागरीक परिचयपत्र (औषधी उपचार गाडी भाडा छुट) को लागि आ- आफ्नो वडा कार्यालयमा सम्पर्क राख्नुहोला ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही महानभावहरुले देहायका बैंकमा सम्पर्क राख्नुहोला ।

  **<u>तपशील</u>**

  वडा नं १, ५ र १२ को लागि एन.आई.सी.एशिया बैंक, बनेपा ।

  वडा नं २,६ र ११ लागि सेन्चुरी बैंक, धुलिखेल ।

  वडा नं ३,९ र १० को लागि देव विकास बैंक, धुलिखेल ।

  वडा नं ४,७ र ८ को लागि सिभिल बैंक, धुलिखेल ।
- घर/जग्गा भाडामा लिने दिनेहरुले न.पा.ले तोकी दिएको विवरण भरी बहाल कर नगरपालिकामा बुझाउनु होला ।
- घर जग्गा भएका नगरबासीहरुले न.पा.ले तोकी दिएको विवरण भरी सम्पत्ति कर नगरपालिकामा बुझाउनु होला ।
- न.पा.क्षेत्र भित्र सञ्चालन भएका व्यवसायीहरुले न.पा.ले तोकी दिएको विवरण भरी व्यवसाय कर नगरपालिकामा बुझाउनु होला ।

धुलिखेल नगरपालिकाको सेवा सम्बन्धी कुनै जानकारी तथा सूचना आवश्यक परेमा www.dhulikhelmun.com.np मार्फत तथा नगरपालिकाको मोवाइल एप डाउनलोड मार्फत सम्पूर्ण जानकारी लिन सक्नु हुनेछ ।

फोनः- ०११-४९०३२४, ४९०७२४

एप डाउनलोड गर्न तलको लिंकमा जानुहोला ।

Scanned by CamScanner